# परम्परागत् र आधुनिक मौरीपालनमा फरक*

प्राचीन कालदेखि उन्नत प्रविधि विना स्थानीय श्रोतहरु मात्र प्रयोग गरेर पालिंदै आएको मौरी पालन शैलीलाई परम्परागत मौरी पालन भनिन्छ । परम्परागत मौरी पालन शैली अनुसार मौरी पालन गर्दा आइपरेका विविध कठिनाइलाई समाधान गर्ने विविध उपायहरु खोजेर पत्ता लागेका उन्नत औजारहरु र सीप प्रयोग गरेर मौरी पालन गर्ने शैली आधुनिक मौरीपालन हो ।

### *परम्परागत मौरी पालन :*

हजारौं वर्ष अघिदेखि वन वुट्यान वा भीर पहराका टोड्का तथा अँध्यारा प्वालहरुमा बस्न रुचाउने मौरीहरु क्रमशः मानिसको बस्ती वा बस्तीको वरपर गोठ-कटेरा, घरमा राखिएका मदुस, ठेका, खोपा वा झ्याल आदिमा बस्न थाले ।

ती मौरीहरुले संकलन गरेको मह, कुट र मौरीको छाउरा मानिसले खान थाले । अनि मानिसले वन जंगलबाट मौरी खोजेर ल्याउने र कुनै खोक्रो रुखको मुढो खोपेर, सफा गरेर बनाइएको मुढेघारमा राख्न थालियो । यस्ता खोपे वा मुढे घारमा राखिएका मौरी गोलाको रेखदेख र स्याहार गर्न ज्यादै असजिलो हुन्छ । त्यसैले परम्परागत शैलीले पालिएका मौरी गोलाको उत्पादन पनि कम हुन्छ । मौरी गोला पनि कमजोर हुन्छ ।

### *आधुनिक मौरी पालनः*

परम्परागत तरिकाले धैरै वर्ष अघिदेखि पालिंदै आईएको मौरीपालन शैलीमा परेका अप्ठ्याराहरु थाहा भएपछि ती समस्याको समाधान गर्न विभिन्न औजार-उपकरण र प्राविधिक सीपको विकास भयो । यसरी हालसम्म पत्ता लागेका साधन र सीपको प्रयोग गरी कम खर्च बाटै बढी आम्दानी लिन सहयोग गर्ने विधिलाई आधुनिक मौरी पालन भनिन्छ ।

आधुनिक मौरीपालन गर्ने व्यक्ति प्राविधिक दृष्टिले दक्ष हुनुपर्छ र उसँग ठूला र निरोगी मौरी गोला, नाप मिलेका आधुनिक घार, आधार चाका, मह मदानी लगायत अन्य सहयोगी सामग्री हुनुपर्छ । यी सबै कुरालाई उचित व्यवस्थापन गर्नु नै आधुनिक मौरी पालन हो ।

परम्परागत मौरीपालन अनुसार पालिएका मौरीलाई घारभित्रका क्रियाकलापहरु (जस्तैं) मौरीले काम गरे नगरेको, काम गरेको भए मह, कुट, छाउराको मात्रा बुझ्न, घारभित्र मौरीका शत्रु र रोगले दुख दिए नदिएको, गोला कमजोर वा बलियो, मह काढ्ने वा कृत्रिम आहारा खुवाउने, औषधी उपचार तथा शत्रु नियन्त्रण गर्न, आधुनिक औजार उपकरण जस्तै कृत्रिम आधारचाका र मह मदानी प्रयोग गर्न, (जस्ता) अरु कतिपय कामहरु गर्न र बुझ्न सकिदैन भने आधुनिक शैली अनुसार मौरी पाल्दा यी सबै कामहरु गर्न र बुझ्न ज्यादै सजिलो हुन्छ ।

फलस्वरुप मौरीलाई मानिसले थुप्रै कामहरुमा सहयोग गर्न सकिन्छ र मौरीको गोला सधैं बलियो रहनाले उत्पादनमा उल्लेखनीय वृद्धि हुन्छ । उदाहरणको लागि परम्परागत मौरीपालनमा कृषकले मह काढ्दा घारमा भएका चाका झिक्दा चाकामा भएका मह, कुट, छाउरा र मैन एकैसाथ झिकिन्छन र चाका निचोर्दा सबै एकै ठाउमा मिसिन्छन् भने छाउरा चाका र कुट केही मानिसले खाने त अरु मलखाद वा खोल्साखोल्सीमा लगेर फाल्ने चलन विद्यमान छ भने आधुनिक मौरीपालनमा कुनै पनि वस्तु खेर जादैन बरु मह सफा र शुद्ध उत्पादन हुन्छ ।

परम्परागत मौरी पालनलाई सुधारेर आधुनिक मौरीपालनमा परिवर्तन गर्न सकिन्छ त्यसको लागि केही खर्च बढ्छ तर बढेको खर्चको तुलनामा आम्दानी ८-१० गुना बढी हुन्छ ।

आधुनिक मौरीपालन गर्दा लाग्ने खर्च घटाउन मौरी कृषकहरुलाई २०-२५ जनाको समूहमा जुट्न अनुरोध गरिन्छ जसले गर्दा निम्नानुसारको फाइदा लिन सकिन्छ ।

**तालिका : आधुनिक मौरी पालनको लागि खर्च अनुमान**

| क.सं | सामग्रीको नाम | ईकाई | मौरीको जात र मूल्य रु./ईकाइ | |
|---|---|---|---|---|
| | | | मेलिफेरा | सेराना |
| **क. मौरीका गोला पिच्छेको हिसाव** | | | | |
| १. | रानु सहितको स्वस्थ गोला | वटा | १६००/- | १०००/- |
| २. | आधुनिक घार | वटा | १४०० /- (४ चौकोश) | १०००/- (५चौकोश) |
| ३. | आधार चाका | कि.ग्रा | ४००/- | ४००/- |
| ४. | घार खुट्टा | वटा | १०० /- | १०० /- |
| ५. | कचौरा (सेट) | सेट | ४०/- | ४०/- |
| ६. | रानी ढोका | वटा | - | ३०/- |
| ७. | आहारा दानी | वटा | २०/- | २०/- |
| ८. | चिनी (१५ र १० कि.ग्रा.) | कि.ग्रा | ४५०/- | ३००/- |
| | | **जम्मा** | **४०१०/-** | **२८९०/-** |
| **ख. कृषक पिच्छे चाहिने सामग्री** | | | | |
| १. | चक्कु | वटा | १५०/- | १३०/- |
| २. | घुम्टी | वटा | २००/- | २००/- |
| ३. | पञ्जा | जोर | १५०/- | १५०/- |
| ४. | धुँवादानी | वटा | ३००/- | ३००/- |
| ५. | घार ज्यावल | वटा | ५०/- | ५०/- |
| ६. | रानी पिंजडा | वटा | ४०/- | ४०/- |
| | | **जम्मा** | **८९०/-** | **८७०/-** |
| **ग. समूह पिच्छे भए काम चल्ने सामग्री** | | | | |
| १. | मह मदानी | वटा | ३०००/- | २५००/- |
| २. | आधार चाका साँचो | वटा | २०००/- | १५०० /- |
| | | **जम्मा** | **५०००/-** | **४०००/-** |
| **एक घारको लागि लाग्ने खर्च (क+ख+ग)** | | | | |

यस प्रकार उपरोक्त हिसावअनुसार, यदि १ गोला मौरी सहितको घार र त्यसको लागि आवश्यक १ सेट सामग्री १ जना व्यक्ति एक्लैले खरिद गरेर मौरी व्यवसाय शुरु गर्ने हो भने एकै घारका लागि मेलिफेरा मौरी पाल्न रु. १०,०००/- र सेराना मौरी पाल्न रु. ८०००/- जति खर्च लाग्छ ।

* शंकर प्रसाद न्यौपानेद्वारा लिखिति उन्नत मौरी पालन पुस्तिकावाट साभार ।

यदि एकै जनाले शुरुमा १० गोला मौरी सहित त्यसको लागि चाहिने सम्पूर्ण सेट सामग्री किनेर मौरी पालन व्यवसाय गर्ने हो भने मेलिफेराको लागि प्रतिघार खर्च रु. ४६००/- र सेरानाको लागि रु. ३७७०/- जति पर्न आउँछ ।

यदि २० जना मिलेर १/१ घार मौरी किन्ने र त्यसको लागि चाहिने सामग्रीहरु मह मदानी र आधार चाका साँचो (यन्त्र) साझेदारीमा किन्ने हो भने जनही रु. ५१५०/- र ४०००/- जति पर्न आउँछ ।

यसबाट यो प्रष्ट हुन्छ कि मौरी पालन गर्दा समूहमा गर्ने हो भने साझा सामग्री खरिद गर्नाले लगानी रकम घटाउन सकिंदो रहेछ । एकै व्यक्तिले धेरै घार मौरी पाल्दा कृषक पिच्छे चाहिने सामग्रीको खर्च पनि घटाउन सकिने रहेछ भने प्राविधिक सेवा र संस्थागत विविध सेवा प्राप्त गर्न व्यक्तिले भन्दा समूहले प्राथमिकता पाउने व्यवस्था समेत रहेको छ ।

**माथिको हिसाब अनुसार जति धेरै घार मौरी किन्यो त्यहि अनुपातमा प्रतिघार खर्च कम पर्दो रहेछ भन्ने पुष्टी हुन्छ । जस्तै एकजनाले एक वटा सेराना मौरी सहितका घार र एक सेट सामग्री एक्लैले किन्नु पर्दा रु ७७६०/- पर्ने रहेछ, यदि उसलले १० वटा मौरी सहितका घार र उसलाइ चाहिने अन्य सामान एक सेट किन्छ भने रु भने २० जना मिलेर २० वटा मौरी सहितका घार र एक सेट सामान किन्दा जम्मा रु ३१३४/- लाग्ने रहेछ ।**

**यदि एउटै किसानले धेरै घार मौरी पाल्ने स्थिति नभए धेरै जना किसान मिलेर धेरै घार मौरी पाल्दा उत्पादन खर्च कम हुन्छ अर्थात थोरै लागतमा धेरै मह उत्पादन गर्न सकिन्छ । त्यस्तै मौरीका अन्य उत्पादन पनि कम खर्चमा धेरै उत्पादन हुन्छ । परागसेचन सेवाबाट हुने प्रशस्त फाइदा त अलग्गै छ ।**

कृषि तथा सहकारी मन्त्रालय
**कृषि सूचना तथा सञ्चार केन्द्र**

**प्रकाशन क्रम : ३१- ०५८/५९**
**फोल्डर क्रम : ९**
**प्रकाशन प्रति : १०,०००**

**मुद्रक :**
**कृषि सूचना तथा सञ्चार केन्द्र**
हरिहरभवन, पुल्चोक, ललितपुर ।
फोन ५२२२४८, ५२५६१७
फ्याक्स : ९७७-१-५२२२५८
E-mail : agroinfo@wlink.com.np
URL: www.aicc.gov.np

# आधुनिक र परम्परागत् मौरी पालनमा फरक

**कृषि सूचना तथा सञ्चार केन्द्र**